# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन

# सेरोफेरो

# SEROPHERO

अंक २०७९।०८०।०४ २०७९ कार्तिक

**Statement of patients flow for the month of Ashoj 2079**

| OPD | No. of patients |
|---|---|
| General Practice & Emergency Medicine | **2224** |
| **Special OPD** | |
| Pediatrics & Adolescent Medicine | 2361 |
| Internal Medicine | 5043 |
| Obstetrics & Gynaecology | 4471 |
| General Surgery | 3635 |
| Cardiology | 1088 |
| Gastroenterology & Hepatology | 756 |
| Pulmonary, Critical Care & Sleep Medicine | 644 |
| Dental | 1881 |
| Dermatology & Venerology | 3260 |
| Otorhinolaryngology and Head & Neck Surgery | 2585 |
| Ophthalmology | 1106 |
| Orthopedics | 3932 |
| Psychiatry | 1389 |
| Unspecified in MIDAS | 1854 |
| **Total** | **34005** |
| **Emergency** | |
| Central | 3826 |
| Obstetrics & Gynecology | 1463 |
| Pediatrics | 1744 |
| | **7033** |
| **Grand Total: 43262** | |
| Paying (EHS) | 2571 |
| Nepal Govt. Social Insurance Scheme | 18161 |
| Other different Schemes | 22530 |
| Ward (IPD) | 4019 |
| ICU/CCU/DICU/SICU | 124 |
| NICU/PICU/MICU/Nursery | 153 |
| Dialysis | 1042 |

***Source: Medical Record Section & Nursing Service***

## प्रा.डा.गुरु प्रसाद खनालको शिक्षाध्यक्षको पदावधि पुरा



नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्रतिष्ठानको शिक्षाध्यक्ष पदमा मिति २०७४।६।२७ गते नियुक्त भई प्रा.डा. गुरु प्रसाद खनालले आफ्नो पाँच वर्षे पदावधि मिति २०७९।६।२६ मा पुरा गर्नुभएको छ । वहाँले आफ्नो कार्यकालका दौरान नौमहिना कार्यवाहक उपकुलपति समेतको हैसियतले कार्यभार सम्हाल्नु भएको थियो ।

विश्वव्यापी COVID–19 महामारीको विषम परिस्थिति एवम् रिक्त रहेको अन्य पदाधिकारीहरुको समेत पदभार वहन गरी कार्य गर्नुपर्ने कठिन परिस्थितिमा पनि वहाँले प्रतिष्ठानको प्रशासनिक क्षेत्रलाई सुदृढ गर्दै लानुका साथै शैक्षिक तर्फ महत्वपूर्ण र उल्लेखनीय कार्यहरु गर्नुभएको थियो ।

वहाँको कार्यकालमा नेपालमै नविनतम मानिएको B.Sc. Perfusionist शैक्षिक कार्यक्रम तथा प्रतिष्ठान बाहेक नेपालमा तीन शैक्षिक संस्थाहरुमा मात्र पठनपाठन हुने B.Sc. Midwifery शैक्षिक कार्यक्रमको प्रारम्भ भएको छ । त्यसैगरी, Uro-Gynaecology, Spine Surgery र Endocrinology विषयहरुमा Felloship शैक्षिक कार्यक्रमहरु पनि संचालनमा ल्याइएको छ । साथै, प्रतिष्ठानमा बन्द भएको B.Sc.MLT शैक्षिक कार्यक्रम पुनः संचालनमा आएको छ ।



मिति २०७९।६।२६ का दिन उपकुलपति कार्यालयको बैठक कक्षमा आयोजित विदाई कार्यक्रममा प्रतिष्ठानका उपकुलपति डा.ज्ञानेन्द्र गिरीले शिक्षाध्यक्षको रुपमा निर्वाह गर्नुभएको भूमिकाको प्रशंसा गर्नुका साथै प्रतिष्ठानको हितमा सदैव दिनुभएको रचनात्मक साथ एवम् सहयोगका लागि डा.खनाललाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**हार्दिक मंगलमय शुभकामना**

नेपालीहरूको महान पर्व तिहार तथा छठ २०७९ को पावन अवसरमा प्रतिष्ठानका सम्पूर्ण पदाधिकारी, चिफ, विभागीय/ महाशाखा/ शाखा प्रमुख, शिक्षक, चिकित्सक, प्रशिक्षक/प्रशिक्षार्थी, कर्मचारी एवंम विद्यार्थीवर्ग लगायत सम्वद्ध सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

- सूचना तथा सञ्चार केन्द्र

उक्त अवसरमा प्रा.डा. खनालले आफ्नो कार्यकाल सफल बनाउन सहयोग गर्नुहुने सबै पदाधिकारी, शिक्षक, प्रशिक्षक, कर्मचारी, विद्यार्थी लगायत सम्पूर्णलाई धन्यवाद दिनुभयो ।

विदाई कार्यक्रममा उपस्थित प्रतिष्ठानका रजिष्ट्रार, अस्पताल निर्देशक, सहायक अस्पताल निर्देशकहरु, कार्यकारीणी समिति सदस्यहरु, डीनहरु, सहायक डीनहरु, प्रवक्ता, सह-प्रवक्ता, विशिष्ट व्यक्तित्वहरु, कर्मचारीहरुद्वारा वहाँलाई अबिर, टिका र खादाले सम्मान गरिएको थियो भने कार्यकाल सफलतापूर्वक सम्पन्न गर्नुभएकोमा बधाईसहित उत्तरोत्तर प्रगतीको कामना गर्दै सम्झना स्वरुप Memento उपहार दिएर विदाई कार्यक्रम समापन गरिएको थियो ।

प्रतिष्ठानका डीन (परीक्षा), प्रा.डा. श्याम थापा क्षेत्रीलाई उपकुलपतिले अर्को व्यवस्था नहुन्जेलसम्मका लागि निमित्त शिक्षाध्यक्षको जिम्मेवारी तोक्नु भएको छ ।

## प्रतिष्ठानको सहायक डीन (परीक्षा) मा डा.खड्का नियुक्त



यस प्रतिष्ठानको सहायक डीन (परीक्षा) पदमा डा.धन केशर खड्कालाई नियुक्त गरिएको छ । प्रतिष्ठानको चर्म तथा यौनरोग (Dermatology and Venerology) विभागका एसोसिएट प्रोफेसर डा. खड्कालाई उपकुलपति डा.ज्ञानेन्द्र गिरीले मिति २०७९।६।२६ गते देखि लागू हुने गरी दुई वर्षका लागि उक्त पदमा नियुक्त गर्नुभएको हो। डा.भावेश कोइरालाको सहायक डीन (परीक्षा) को दुई वर्षे कार्यकाल मिति २०७९।५।१८ गते पुरा भई उक्त पद रिक्त रहेको थियो ।

डा.खड्काले नेपालगञ्ज मेडिकल कलेजबाट एम.बी.बी.एस. गर्नुभएको थियो र प्रतिष्ठानबाट चर्म तथा यौनरोग (Dermatology and Venerology) विषयमा एम.डी. गर्नु भएको थियो । इटहरी-१९, तरहराका स्थायी निवासी डा.खड्का सन् २०१२ मा प्रतिष्ठानमा सेवा प्रवेश गर्नुभएको हो । विगतमा पनि वहाँले प्रतिष्ठानको गुणस्तर नियन्त्रण समिति (Quality Control Committee) को संयोजकको जिम्मेवारी कुशलतापुर्वक निर्वाह गरिसक्नु भएको छ ।

प्रतिष्ठानको डीन (परीक्षा) जस्तो जिम्मेबार पदमा नियुक्त हुनु भएकोमा वहाँलाई उपकुलपतिले बधाई दिंदै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो ।

## प्रतिष्ठानको 28th Annual Scientific Programme (ASP 2022) सम्पन्न



प्रा.डा.माधव लम्सालको संयोजकत्वमा गत सेप्टेम्बर २१ देखि शुरु भएको प्रतिष्ठानको 28th Annual Scientific Programme (ASP 2022) सेप्टेम्बर २३, २०२२ मा सफलतापूर्वक सम्पन्न भएको छ । तीन दिन सम्म चलेको उक्त कार्यक्रमका लागि १५८ वटा Original Research Papers तथा ४९ वटा Case Reports गरी जम्मा २०७ वटा Abstracts पेश भएको थियो । जसमध्ये ११६ जनाले Poster Presentation गर्नु भएको थियो भने ९१ जनाले Oral Presentation गर्नु भएको थियो । Abstracts पेश गर्नेहरुमा ५५ जना शिक्षक/ लेक्चरर/ सिनियर रेसिडेन्ट एवम् १२५ जना स्नातकोत्तर र २७ जना स्नातक तहमा अध्ययनरत विद्यार्थीहरु रहनु भएको थियो ।

Oral Presentation तर्फ उत्कृष्ट प्रस्तुति पुरस्कार (Best Paper Award) UG Students समुहमा सुजल लाभ, PG Students समुहमा ओरल मेडिसिन एण्ड रेडियोलोजी विभागकी डा.कृपा खतिवडा र फ्याकल्टी समुह तर्फ ईन्टर्नल मेडिसिन विभागका डा.सुरेन्द्र उरांवले पाउनु भएको थियो ।

त्यसै गरी, Poster Presentation तर्फ उत्कृष्ट प्रस्तुति पुरस्कार UG Students समुहमा मनिता विश्वकर्मा, PG Students समुहमा स्कूल अफ पब्लिक हेल्थ एण्ड कम्यूनिटी मेडिसिनकी दिपशिखा अर्याल र फ्याकल्टी समुह तर्फ बेसिक एण्ड क्लिनिकल फिजियोलोजी विभागकी डा.शितल गुप्ताले पाउनु भएको थियो ।



Case Report Preesentation तर्फको उत्कृष्ट प्रस्तुति पुरस्कार प्याथोलोजी विभागकी डा.उपासना लामिछानेले पाउनु भएको थियो । उक्त Scientific Presentation को निर्णायक (Judge) हरुमा Oral Presentation तर्फ प्रा.डा.बालकृष्ण भट्टराई, प्रा.डा.बिक्रम प्रसाद श्रेष्ठ र प्रा.डा.मोहनचन्द्र रेग्मी रहनु भएको थियो भने Poster Presentation तर्फ प्रा.डा.तारा शाह, प्रा.डा.स्मृती कार्की र प्रा.डा.आशिष श्रेष्ठ रहनु भएको थियो ।

प्रतिष्ठानको अडिटोरियममा सेप्टेम्बर २३, २०२२ का दिन तत्कालिन

शिक्षाध्यक्ष प्रा.डा.गुरु प्रसाद खनालको प्रमुख आतिथ्यतामा आयोजित समापन समारोहमा वहाँ लगायत अस्पताल निर्देशक डा.जगत नारायण प्रसाद, डीन (परीक्षा) प्रा.डा.श्याम थापा क्षेत्रीले उत्कृष्ट प्रस्तुतीका पुरस्कृतहरुलाई प्रमाणपत्र वितरण तथा आयोजक समितिका सदस्यहरुलाई प्रमाणपत्र तथा Memento वितरण गर्नुभएको थियो । कार्यक्रमका संयोजक प्रा.डा.माधव लम्सालले पदाधिकारीहरुलाई Memento प्रदान गर्नुभएको थियो ।

उक्त समारोहको Master of Ceremony डा.मोना दाहाल र डा.निरज रेग्मी रहनु भएको थियो भने बसन्त गेलालले धन्यवाद दिनु भएको थियो ।

## प्रतिष्ठानमा विश्व मानसिक स्वास्थ्य दिवस मनाइयो



**'सबैका लागि मानसिक स्वास्थ्य र कल्याण विश्वब्यापी प्राथमिकता बनाऔं'** भन्ने यस वर्षको नाराका साथ प्रतिष्ठानमा साइक्याट्री विभागको आयोजनामा अक्टोबर १०, २०२२ मा विश्व मानसिक स्वास्थ्य दिवस (World Mental Health Day) को कार्यक्रम सम्पन्न भयो । विभागीय प्रमुख प्रा.डा.धनरत्न शाक्यको सभापतित्वमा उक्त कार्यक्रम सञ्चालन भएको थियो । सो कार्यक्रमको बिहानी सत्रमा प्रा.डा.शाक्यले विश्व मानसिक स्वास्थ्य दिवस एवम् यस वर्षको नारा सम्बन्धमा प्रकाश पार्नुभएको थियो ।

मानसिक स्वास्थ्य र यसको महत्व, मनोरोग र यसको प्रकार, ब्यापकता, भार, चूनौती र व्यवधान, समग्र स्वास्थ्य र समस्या सँगको अन्तरसम्बन्ध तथा मानसिक स्वास्थ्य सुनिश्चित गर्ने मूल तरिकाहरु सम्बन्धी विविध पक्षमा विभागका चिकित्सकहरु डा.सञ्जिव मिश्र, डा.सुरज नेपाल, डा.अश्विण दवाडी, मनोवैज्ञानिक डा.विनोद देव लगायत डा.आकाश, डा.आभाष, डा.चन्दनले जानकारी दिनुभयो ।

उक्त अवसरमा डा.सबू र डा.बुद्धिनाथले आफ्नो कविताहरु प्रस्तुत गर्नुभयो । समापन सारसंक्षेपमा प्रा.डा.धनरत्न शाक्यबाट मूल सन्देशयुक्त प्रस्तूती दिनुभएको थियो भने कार्यक्रममा प्रतिष्ठानमा अध्ययनरत विद्यार्थीहरुका विविध समूहहरु जेआरडब्लुएस, एसडब्लुएस, बायोइथिक्स विद्यार्थी संकाय र परिक्रमा परिवारको सक्रिय सहभागिता रहेको थियो ।

## नेपालमा २०२२ को बायो-इथिक्स दिवस सम्पन्न



**'सामाजिक दायित्व र स्वास्थ्य'** (Social Responsibility and Health) शीर्षकमा विविध कार्यक्रमहरुको आयोजना गरी अक्टोबर १९ मा अनलाईन र अक्टोबर २० मा प्रतिष्ठानमा सन् २०२२ को बायो-इथिक्स दिवस मनाइएको छ ।

यूनेस्को बायोइथिक्स, नेपाल इकाईका प्रमुख तथा नेपालका लागि यस कार्यक्रमका संयोजक तथा प्रतिष्ठानका मानसिकरोग विभागका प्रमुख प्रा.डा.धनरत्न शाक्यको अध्यक्षतामा सम्पन्न भर्चुअल कार्यक्रममा बायोइथिक्सको एशिया प्यासिफिक तथा शिक्षा विभागका प्रमुख तथा कार्यक्रमका प्रमुख अतिथि प्रा.डा.रसेल डिसुजाले यस वर्षको नाराबारे मन्तव्य राख्नुभयो । इकाईकी पूर्व प्रमुख प्रा.डा.रुपा राजभण्डारी सिंह सहितको सहभागिता रहेको सो सत्रमा १० भन्दा बढी देशका प्रतिनिधीहरुको सहभागिता रहेको थियो भने विद्यार्थीद्वय अपेक्षा उप्रेती र दिक्षान्त यादव Master of Ceremony रहनु भएको थियो ।

अनलाइन सेमिनारका विज्ञ वक्ताहरु पाकिस्तानका प्रा.डा.रानो मल पिर्यानी, चिकित्सा शिक्षा आयोगका प्रमुख प्रा.डा.संघरत्न बज्राचार्य, वीर अस्पतालका प्रा.डा.रविराम श्रेष्ठ, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्की नमिता घिमिरे लगायतले बायोइथिक्सको महत्वपूर्ण सिद्धान्त तथा यस वर्षको नाराका विविध पक्षमा प्रकाश पार्नुभयो भने सदस्य डा.अशोक ऐरको धन्यवाद मन्तव्य र नेपालगञ्ज मेडिकल कलेजको विद्यार्थी संकायकी डा.कन्चन देवकोटाको संक्षेप विवरण पनि प्रस्तुत गरिएको थियो । उक्त अवसरमा International Junior Doctors Association को समेत उद्घाटन गरिएको थियो ।

त्यस्तै अर्को दिन, प्रतिष्ठानको अडिटोरियममा निमित्त शिक्षाध्यक्ष एवम् परीक्षा डीन प्रा.डा. श्याम थापा क्षेत्री र शैक्षिक डीन शिवेन्द्र झाको आतिथ्य रहेको समापन समारोहमा प्रा.डा. शाक्यको परिचयात्मक स्वागत, सदस्य डा.सरुन कोइरालाको धन्यवाद ज्ञापन, र प्रतिष्ठानको विद्यार्थी संकायका हेड सलमान हैदरले मन्तब्य व्यक्त गर्नु भयो भने कार्यक्रमको Master of Ceremony माअक्षता वस्ती र दिब्या झा कार्यक्रम सञ्चालन रहेको थियो ।

सेमिनारको अर्को खण्डमा वक्ताहरु प्रा.डा.बालकृष्ण भट्टराई, डा.रविन मास्के, डा.राजेश ज्ञवाली, डा. सूर्यप्रसाद पराजुली, खेमचन्द्र सुबेदी र डा. आयूष आनन्द लगायतबाट स्वास्थ्य, शिक्षा, अनुसन्धान, दन्तचिकित्सा, कानून, जनसमुदाय र मानसिक स्वास्थ्य जस्ता विविध कोणहरुबाट विश्लेषण र जानकारीमुलक प्रस्तुति भयो ।

यस अवसरमा सम्पन्न विविध प्रतियोगिताहरु अनुसन्धान, आर्ट पोस्टर, फोटो, मूभि, निबन्ध, र कविताको परिणाम घोषणा भयो । फोटो प्रतियोगितामा अपेक्षा उप्रेती (वी.पी.को.स्वा.वि. प्रतिष्ठान) र अफ्रोज (वी.पी.को.स्वा.वि. प्रतिष्ठान), मूभिमा ओसन पराजुलीको टिम (विराट मेडिकल कलेज), निबन्धमा रिचा कोइराला (वी.पी.को.स्वा.वि. प्रतिष्ठान), डा. कञ्चन देवकोटा (नेपालगञ्ज मेडिकल कलेज), कवितामा जेनिसा परियार (विराट मेडिकल कलेज) र साकार शर्मा (नेपालगञ्ज मेडिकल कलेज), आर्ट पोस्टरमा रिचा कोइराला ( वी.पी.को.स्वा.वि. प्रतिष्ठान) र पुनम बुढाथोकी (नेपालगञ्ज मेडिकल कलेज) तथा अनुसन्धान पोष्टरमा सिद्धार्थ गुप्ताको टिम (वी.पी.को.स्वा.वि. प्रतिष्ठान) पुरस्कृत भए ।

## प्रतिष्ठानमा ल्याब खुल्ने समयावधी बढाइयो

बिरामीहरुको दिनानुदिन बढ्दो चापलाई मध्यनजर राखी तथा बिरामीहरुले अझ सहजरुपमा सेवा प्राप्त गरुन् भन्ने उदेश्यले प्रतिष्ठानको सेन्ट्रल ल्याब (Central Lab) मा Sample Collection काउण्टरहरु खुल्ने समयावधी बढाइएको छ । यसभन्दा अघि ओ.पी.डी. का बिरामीहरुको ल्याब परिक्षणका लागि Sample Collection काउन्टरहरु बिहान ८:०० बजेदेखि खुल्ने गरेकोमा बिरामीहरुको सुविधालाई ध्यानमा राखी अब उप्रान्त बिहान ७:०० बजेदेखिनै सो काउन्टरहरु खुल्ने व्यवस्था गरिएको छ । काउन्टरहरु Lunch Hour (दिउँसो १:०० बजे देखि २:०० बजे) मा समेत खुला रहने छ । यसरी काउन्टरहरु बिहान ७:०० बजेदेखि बेलुकी ४:०० बजेसम्म लगातार रुपमा खुल्नेछ ।

यसका साथै, अस्पतालमा भर्ना बिरामीहरुको Sample Collection समय थप गरी आइतबारदेखि बिहिबारसम्म बेलुकी ७:०० बजेसम्म र शुक्रबारका दिन बेलुकी ४:०० बजेसम्म गरिएको छ । त्यसैगरी, प्रतिष्ठानको प्रयोगशालामा आउने बिरामीहरुको सुविधालाई मध्यनजर गर्दै ओ.पी.डी. र वार्डको Sample Collection काउन्टर तथा रिपोर्ट वितरण काउन्टर निम्न बमोजिम छुट्टा छुट्टै स्थानमा व्यवस्था गरिएको छ ।

१. ओ.पि.डी. Sample Collection: सेन्ट्रल ल्याब (Central Lab) मा रहेको काउन्टर नं. १ देखि ७ मा गरिन्छ ।
२. वार्डमा भर्ना भएका बिरामीको Sample Collection: काउन्टर नं. ८ (सेन्ट्रल ल्याबको उत्तर पट्टि बाहिर आई.सि.यू र वार्ड जाने करिडोरको बीचमा, भुईतल्ला) मा गरिन्छ ।
३. ओ.पि.डी. रिपोर्ट वितरण काउन्टर: सेन्ट्रल ल्याब प्रवेशद्वारको उत्तर पट्टिको कोठा नं.२६ बाट गरिन्छ ।
४. वार्डको रिपोर्ट सम्बन्धित वार्डबाटनै उपलब्ध हुनेछ ।

## सामाजिक सेवा इकाई र एकद्वार संकट व्यवस्थापन केन्द्र सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न



नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखाको तत्वावधानमा प्रतिष्ठानमा "अस्पतालमा आधारित लैङ्गिक हिंसा सम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र (Hospital Based One Stop Crisis Management - OCMC)" तथा "सामाजिक सेवा इकाई (Social Service Unit - SSU)" बारे अभिमुखीकरण (Orientation) कार्यक्रम सम्पन्न भएको छ ।

लैङ्गिक हिंसामा परेका व्यक्ति सर्वप्रथम उपचारको लागि अस्पताल आउने हुँदा लैङ्गिक हिंसालाई प्रभावकारी र दक्षतापूर्वक सम्बोधन गर्नका लागि नेपाल सरकारद्वारा जिल्ला स्थित अस्पताल/स्वास्थ्य संस्थाहरुमा OCMC को स्थापना गर्ने क्रममा प्रतिष्ठानमा पनि स्थापना गर्ने उदेश्यले उक्त अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको हो । लैङ्गिक हिंसामा परेका व्यक्तिहरुलाई OCMC मार्फत शारीरिक उपचार, मनोसामाजिक परामर्श, कानुनी परामर्श, चिकित्साजन्य प्रमाण संकलन सेवा, सुरक्षित आश्रय र आवश्यकता अनुसार पुनर्स्थापनाको सेवा उपलब्ध गराइनेछ ।

त्यसैगरि गरिब, असहाय, अपाङ्गहरु, ज्येष्ठ नागरिक, लैङ्गिक हिंसापीडित, विपद् एवम् प्राकृतिक प्रकोपबाट पीडित, गरिब तथा विपन्न आकस्मिक विरामी, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी, जनजाति आदिलाई अवस्था हेरी नि:शुल्क वा आंशिक छुट सहितको स्वास्थ्य सेवा उपलब्ध गराउने उदेश्यले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशैभरिका स्वास्थ्य संस्थाहरुमा सामाजिक सेवा इकाई (Social Service Unit – SSU) को स्थापना गर्दै आएको छ । प्रतिष्ठानमा पनि सामाजिक सेवा इकाईको स्थापना गरिनुका साथै लैङ्गिक हिंसा व्यवस्थापन एवम् समन्वयका लागि अस्पताल निर्देशकको संयोजकत्वमा मामिला व्यवस्थापन समिति समेत गठन गरिएको छ । उक्त समितिमा प्रतिष्ठानका तर्फबाट आकस्मिक विभाग प्रमुख, फरेन्सि मेडिसिन विभागका प्रमुख, फरेन्सिक विशेषज्ञ/मेडिको लिगल तालिमप्राप्त चिकित्सक, मेट्रोन तथा इलाका प्रहरी कार्यालय धरानका प्रमुख, इलाका प्रहरी कार्यालय धरान महिला तथा बालबालिका एवम् ज्येष्ठ नागरिक सेवा इकाई प्रमुख, धरान उपमहानगर पालिकाका समाजिक विकास शाखा

प्रमुख, माइती नेपाल, सुनसरीको सुरक्षित आवास गृह प्रमुख, एकद्वार संकट व्यवस्थापन केन्द्रको सम्पर्क व्यक्ति सदस्यका रुपमा रहनुभएको छ भने सदस्य सचिवमा एकद्वार संकट व्यवस्थापन केन्द्र प्रमुख रहनुभएको छ ।

शिक्षाध्यक्ष प्रा.डा.गुरु प्रसाद खनालको प्रमुख आतिथ्यतामा प्रतिष्ठानको अडिटोरियम हलमा मिति २०७९।०६।१३ का दिन सम्पन्न उक्त अभिमुखीकरण कार्यक्रममा प्रतिष्ठानका तर्फबाट अस्पताल निर्देशक, सहायक अस्पताल निर्देशकहरु, डीनहरु, प्रवक्ता, सह-प्रवक्ता, विभाग, महाशाखा, शाखाका प्रमुखहरु लगायत कर्मचारीहरुको उपस्थिती रहेको थियो भने मन्त्रालयका तर्फबाट सह-सचिव श्री इन्द्रमणी पोखरेल तथा सामाजिक सेवा इकाईका सल्लाहकार श्री सिताराम प्रसाईको उपस्थिति रहेको थियो ।

## प्रतिष्ठान तथा त्रिभुवन विश्वविद्यालय बीच स्वास्थोपचार सेवा उपलब्ध गराउने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर



मिति २०७९।६।३१ गते प्रतिष्ठान र त्रिभुवन विश्वविद्यालय अन्तर्गत महेन्द्र बहुमुखी क्याम्पस धरानका विद्यार्थीहरुलाई प्रतिष्ठानको अस्पतालमा स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ । प्रतिष्ठानबाट उपलब्ध गराइने स्वास्थ्य सेवा यस समझदारीपत्रको शर्त बन्देज बमोजिम हुनेछ र यसबाट करीब पाँच हजार विद्यार्थीहरु लाभान्वित हुनेछन् ।

उक्त समझदारीपत्रमा प्रतिष्ठानका तर्फबाट अस्पताल निर्देशक डा.जगत नारायण प्रसाद र त्रिभुवन विश्वविद्यालयका तर्फबाट महेन्द्र बहुमुखी क्याम्पस, धरानका प्रमुख दामोदर भण्डारीले हस्ताक्षर गर्नुभएको छ ।

उक्त कार्यक्रम प्रतिष्ठानका रजिष्ट्रार प्रा.डा.सूर्य प्रसाद संग्रौला र त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा.पेशल दाहालको रोहवरमा सम्पन्न भएको थियो भने उक्त असवरमा महेन्द्र बहुमुखी क्याम्पसका उपप्राध्यापक गोपीकृष्ण खतिवडा, शाखा अधिकृत द्वय नविन्द्रराज भण्डारी, फणिन्द्र प्रसाद निरौला, विद्यार्थी कल्याण प्रमुख लक्ष्मी कृष्ण श्रेष्ठ तथा प्रतिष्ठानका सुपरभाइजर अशोक कुमार साहको उपस्थिति रहेको थियो ।

उक्त समझदारीपत्र बमोजिम विद्यार्थीहरुको उपचारको सम्बन्धमा प्रत्येक शैक्षिक वर्ष प्रति विद्यार्थी वार्षिक अधिकतम रु.एकलाख मात्रको सीमा लागू हुनेछ भने अस्पतालले विद्यार्थीको स्वास्थ्योपचार गर्दा लागेको खर्चमध्ये विश्वविद्यालय स्वास्थ्योपचार कोषले तोकेको १० प्रतिशत रकम हरेक बिल अनुसार सम्बन्धित विद्यार्थीबाट असुल गरी बाँकी रकम मात्र बिल प्राप्त भएको मितिले १५ दिन भित्रमा महेन्द्र बहुमुखी क्याम्पस धरान मार्फत विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयबाट भुक्तानी पाउनेछ । विद्यार्थी स्वास्थ्य उपचारको सम्झौता बमोजिम भुक्तानी दिनुपर्ने रकम प्रतिष्ठानको बैंक खातामा जम्मा गरी प्रतिष्ठानलाई जानकारी गराउनु पर्नेछ । यो समझदारी पत्र २०७९ साल मंसीर १ गतेदेखि २०८० साल कार्त्तिक मसान्तसम्म एक वर्षका लागि लागू हुनेछ ।

## Hospital Acquired Infection: Prevention and Control विषयक कार्यशाला गोष्ठी सम्पन्न

प्रतिष्ठानको माइक्रोबायोलोजी विभागको तत्वावधानमा सेप्टेम्बर २४,२०२२ का दिन राष्ट्रियस्तरको Hospital Acquired Infection: Prevention and Control विषयक एकदिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ । उक्त विभागका प्रमुख डा.नारायण राज भट्टराईको अध्यक्षतामा आयोजित उक्त कार्यशाला गोष्ठीको उद्घाटन प्रतिष्ठानका तत्कालिन शिक्षाध्यक्ष प्रा.डा.गुरु प्रसाद खनालले गर्नुभएको थियो ।

गोष्ठीलाई American Association of Microbiology को नेपालका लागि Ambassador रहनु भएका प्रा.डा.शिशिर गोखले, Nepalese Association of Clinical Microbiology की अध्यक्ष प्रा.डा.बसुधा खनाल तथा प्रतिष्ठानका सहायक अस्पताल निर्देशक डा.लोकेश शेखर जयसवालले सम्बोधन गर्नु भएको थियो । उद्घाटन सत्र र वैज्ञानिक सत्र गरी दुईवटा सत्रमा संचालन गरिएको उक्त गोष्ठीमा विराटनगर, काठमाडौं, विरगञ्ज लगायत कर्णाली प्रदेशबाट समेत गरी ७० जना भन्दा बढीको सहभागिता रहेको थियो । गोष्ठीमा सहभागीहरुलाई प्रयोगात्मक ज्ञान समेत दिइएको थियो ।

उक्त अवसरमा राष्ट्रपतिबाट Women in Medicine 2022 बाट सम्मानित प्रा.डा.बसुधा खनाललाई समेत सम्मानित गरिएको थियो ।

**Patients Care Record of Covid- 19 Hospital, BPKIHS (Month of Ashoj, 2079)**

- *Total admission* : 3
- *Total Discharge* : 1
- *Total PCR Test* : 71
- *Total Positive* : 7
- *Total Follow up Positive* : 4
- Death : 0

*Source: Covid Hospital & Dept. of Microbiology*

**हार्दिक अनुरोध**

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौ । कृपया आफ्ना सामाग्रीहरूको Soft copy पठाउदा Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौ ।

- सूचना तथा सञ्चार केन्द्र

**OPD Schedule of B.P. Koirala Institute of Health Science, Dharan, Nepal**

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan Govinda Shrestha | Dr. Santosh Chaudhary | Dr. Bhuwan Govinda Shrestha | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan Govinda Shrestha |
| | Dr. Sangita Sah | Dr. Santosh Chaudhary | | Dr. Santosh Chaudhary | Dr. Sangita Sah | Dr. Santosh Chaudhary |
| Psychiatry | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi |
| | Dr. Suren Limbu | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr. Rinku Gautam Joshi | Dr. Suraj Nepal |
| | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) |
| Orthopedics | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha |
| | Dr. Rajiv Maharjan | Dr. Roshan Prasad Shah Kalawar | Dr. Bishnu Pokharel | Dr. Rajiv Maharjan | Dr. Roshan Prasad Shah Kalawar | Dr. Bishnu Pokharel |
| | Dr. Amit Limbu | Dr. Ashish Pndey | Dr. Pramod Baral | Dr. Amit Limbu | Dr. Ashish Pndey | Dr. Pramod Baral |
| | Dr. Jitendra Shah | Dr. Yam Bahadur Gurung | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Yam Bahadur Gurung | Dr. Amit Bikram Shah |
| Internal Medicine | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Dr. Sonia Dulal | Dr. Robin Maskey |
| | Dr. Sonia Dulal | Dr. Bibek Kattel | Dr. Sonia Dulal | Dr. Bibek Kattel | Dr. Bhupendra Shah | Dr. Bibek Kattel |
| | Dr. Bhupendra Shah | | Dr. Prashant Mani Tripathi | | Dr. Prashant Mani Tripathi | |
| | Dr. Prashant Mani Tripathi | | | | | |
| Cardiology | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey |
| Gastroenterology & Hepatology | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr. Denis Piyush | | | Dr. Denis Piyush | |
| Pulmonary, Critical Care and Sleep Medicine | | | Prof. Dr. Narendra Bhatta | | | Prof. Dr. Narendra Bhatta |
| | | | Dr. Deebya Raj Mishra | | | Dr. Deebya Raj Mishra |
| General Surgery | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki |
| | Dr. Kunal Bikram Deo | Dr. Rajesh Prasad Sah | Dr. Lokesh Shekhar Jaiswal | Dr. Rajesh Prasad Sah | Dr. Lokesh Shekhar Jaiswal | Dr. Rajesh Prasad Sah |
| | Dr. Sharada Khadka | Dr. Abhijeet Kumar | Dr. Bijay Sah | Dr. Abhijeet Kumar | Dr. Bijay Sah | Dr. Abhijeet Kumar |
| | Dr. Rupesh Prasad Sah | Dr. Alok Dahal | Dr. Kunal Bikram Deo | Dr. Alok Dahal | Dr. Kunal Bikram Deo | Dr. Alok Dahal |
| | Dr. Nirmal Prasad Sah | Dr. Bhawani Khanal | Dr. Sarada Khadka | Dr. Bhawani Khanal | Dr. Sarada Khadka | Dr. Bhawani Khanal |
| | Dr. Vijay Shrestha | Dr. Samir Chaudhary | Dr. Rupesh Prasad Sah | Dr. Samir Chaudhary | Dr. Rupesh Prasad Sah | Dr. Samir Chaudhary |
| | | | Dr. Nirmal Prasad Sah | | Dr. Nirmal Prasad Sah | |
| | | | Dr. Vijay Shrestha | | Dr. Vijay Shrestha | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Prof. Dr. Shyam Thapa | Dr. Deepak Paudel |
| | Dr. Shankar Prasad Sah | Dr. Shankar Prasad Sah | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya | Dr. Shankar Prasad Sah | Dr. Paras Raj Amatya |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | | | Dr. Sudeep Mishra | |
| Dertamatology & Venerology | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | Dr. Suchana Marahatta | | Dr. Prajwal Pandey | Dr. Suchana Marahatta |
| General Practice & Emergency Medicine | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| Obstetrics &Gynaecology | Prof. Dr. Mohan Chandra Regmi | Prof. Dr. Mohan Chandra Regmi | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Tulasa Basnet | Dr. Tulasa Basnet | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | Dr. Sarita Sitaula | Dr. Sarita Sitaula |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manisha Chhetri | Dr. Manisha Chhetri | | |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dikshit) Thapa | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal | | | | |
| Pediatrics & Adolescent Medicine | Dr. Shyam Prasad Kafle | Dr. Shipra Chaudhary | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Prof. Dr. Prakash Paudel | Dr. Shankar Prasad Yadav |
| | Dr. Basant Rai | Dr. Shankar Prasad Yadav | Dr. Mukesh Bhatta | Dr. Arun Kumar Singh | Dr. Shyam Prasad Kafle | Dr. Basant Rai |
| | | Dr. Jitendra Thakur | | Dr. Jitendra Thakur | Dr. Mukesh Bhatta | Dr. Arun K. Singh |

***Source : Concerned Departments***

**Status of Operations done in Ashoj, 2079**

| Types of OT | Major | | Intermediate | | Minor | | Total |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| Routine | 273 | 270 | 32 | 31 | 71 | 46 | **723** |
| Obst. & Gynae | 404 | 7 | 11 | 0 | 54 | 2 | **478** |
| Emergency | 99 | 0 | 25 | 0 | 11 | 0 | **135** |
| Day Care | 0 | 0 | 14 | 29 | 32 | 66 | **141** |
| Derma * | 66 | 10 | 367 | 10 | 174 | 19 | **646** |
| **Total** | **842** | **287** | **449** | **70** | **342** | **133** | **2123** |

**General OT : 1633** — ***Number of safe abortion care service done in Ashoj, 2079: 27***

**Paying OT: 490** — ***Number of cases done in Cardiac Catheterization Laboratory: 100***

**** Asthetic procedures included in minor 71***

***Source: Office of the Metron***


**सम्पादन समूह**

प्रा.डा.कृष्णा पोखरेल, प्रवक्ता
डा.चुरामणी पोखरेल, सह-प्रवक्ता
अमृतप्रसाद ढकाल, जनसम्पर्क सल्लाहकार
दिव्यराज थापा, शाखा अधिकृत
निरज पोखेल, सि.क्लर्क
सूचना तथा सञ्चार केन्द्र
फोन नं.:०२५-५२५५५५-४०००/२०९२
info.bpkihs@bpkihs.edu
spokesperson.bpkihs@bpkihs.edu